बैठक संख्या : ९२औं (बयानब्बे)

समय :दिउँसो २:०० बजे

आज मिति २०८० फागुन १५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बावुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ९२ औं कार्यपालिका बैठक (२०८०/११/१५)

## विषय सूची

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२. समुदायमा आधारित एक वडा एक कृषी तथा पशु सम्वन्धी कार्यक्रम सम्बन्धमा
३. प्रदेश समपुरक/विशेष अनुदान सम्बन्धमा
४. पर्यटकीय स्थल पार्क तथा सार्वजनिक शौचालय व्यवस्था सम्बन्धी कार्यविधि २०८० सम्बन्धमा
५. विविध
क) मानव सेवा आश्रम सहयोग सम्बन्धमा
ख) राष्ट्रिय परिचयपत्रको व्यवस्थापन सम्बन्धमा
ग) प्रशासकीय भवन म्याद थप सम्बन्धमा
घ) आगलागी राहत सम्बन्धमा
ङ) प्राङ्गारिक मल कारखाना सम्बन्धमा

## निर्णयहरू

प्रस्ताव नं १: गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

निर्णय नं १: यस नगर कार्यपालिकाको ९१ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

प्रस्ताव नं २ : समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा

निर्णय नं २: वागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्य विकास निर्देशनालयले एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनको लागि २०८०/११/०६ मा सूचना प्रकाशन भएको र सोही सूचना अनुसार समुदायमा आधारित एक वडा एक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को दफा (६) को उपदफा (३) को अनुसूचि १ को क.स. २ मा उल्लेख भए अनुसारको कृषि तथा पशुपन्छी सम्वन्धी कार्यक्रम अन्तर्गत कृषिको लागि ३ नं वडामा तरकारी खेती र पशुपन्छीजन्य वस्तुको हकमा ११ नं वडामा बाख्रा पशुपालन सम्वन्धी कार्य गर्ने ।

प्रस्ताव नं ३ : आ.व. २०८१/०८२ को प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गतका योजना सम्बन्धमा ।

निर्णय नं ३: क) प्रदेश समपुरक अनुदान कार्यविधि २०७७ को दफा (३) अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागि निम्न लिखित योजना छनोट गरी पठाउने ।

निम्नः

१. चनौटे चौलाने गहते साहुँगाउँ सडक, विदुर ७ (क्रमागत)
२. नयाँ पुल गौरिवेसी चारघरे कठेरी भट्टगाउ हुँदै भदुवार तारकेश्वर वडा नं ६ जोड्ने सडक, विदुर १२
३. वगुवा देखि पहरे खोप हुँदै तल्लो राइसिंह सडक कालोपत्रे, विदुर ८
४. टारवाट नँया पुल हुँदै सिर्खाली सडक, विदुर ३
५. सिलटयाकीं देखि अङ्गापुटार जोड्ने सडक कालोपत्रे, विदुर ९
६. तल्लो पिपलटार रिङरोड, विदुर ५

Scanned with CamScanner

ख) प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ को दफा (३) अनुसार आर्थिक वर्ष २०८१/०८२ को दागि निम्न लिखित योजना छनौट गरि पठाउने ।

निम्नः

१. नुवाकोट स्वयंभू महाचैत्य निर्माण, विदुर २

२. उपल्लो गेर्खु छापखोला खानेपानी योजना, विदुर ११

३. दुधगढी-जितगढी-गेर्खुगढी-चन्द्रगढी-सूर्यगढी पदमार्ग, विदुर ११

४. गेर्खुटार खानेपानी योजना, विदुर १०

५. रिमालडाँडाबाट बान्द्रे जाने सडक स्तरोन्नती कालोपत्रे, विदुर १

**प्रस्ताव नं ४ : पर्यटकीय स्थल पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि २०८० सम्बन्धमा ।**

**निर्णय नं ४:** विधायन समितिबाट छलफल गरी पेश भएको पर्यटकीय स्थल पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने ।

**प्रस्ताव नं ५: विविध**

क) मानव सेवा आश्रम सहयोग सम्बन्धमा

विदुर नगरपालिकाको सिफरिसमा मानवसेवा आश्रममा पठाइएका विभिन्न किसिमको व्यक्तिहरुलाई मानव सेवा आश्रमले राखी पालनपोषण तथा अन्य सेवाहरु उपलब्ध गराएको र मानव सेवा आश्रममा यहाँबाट सिफारिस गरी पठाएको १९ जना व्यक्तिहरुको विवरण प्राप्त भएको हुँदा आवश्यकता अनुसार ५०,०००।(अक्षेरूपी पचास हजार मात्र) बराबरको खाद्यान्न सामाग्री पठाउन कार्यालयलाई निर्देशन दिने ।

ख) राष्ट्रिय परिचयपत्रको व्यवस्थापन सम्बन्धमा

नेपाल सरकारले राष्ट्रिय परिचय पत्र बनाउने अभियान संचालन गरेको र उक्त अभियान अन्तर्गत राष्ट्रिय परिचय पत्र बनाउने कार्य यस नगरपालिकाको सबै वडामा संचालन भएको र उक्त कार्य गर्दा व्यवस्थापन खर्च वडाले गरेको र वडाको आफ्नो आम्दानीबाट खर्च गर्न नमिल्ने र नगरपालिकाले उपलब्ध गराएको प्रशासनिक खर्चबाट खर्च व्यहोर्न नसकिने भनी वडा कार्यलयबाट जानकारी गराएको हुँदा वडालाइ कार्यक्रमको व्यवस्थापनमा भएको खर्च वापत रकम रु ५०,०००। (अक्षेरूपी पचास हजार मात्र) सबै वडा कार्यलयलाई उपलब्ध गराउने ।

ग) प्रशासकीय भवन म्याद थप सम्बन्धमा

प्रशासकीय भवन निर्माण विविध कारणले सम्झौता अवधीमा काम सम्पन्न हुन नसकेकोले मिति २०८१ आषाढ मसान्त सम्म म्याद थप गर्ने र सम्बन्धीत शाखालाई निर्देशन दिने।

घ) आगलागी राहत सम्बन्धमा

विदुर नगरपालिका वडा नं १२ बस्ने श्री प्रताप सिंह तामाङको कोठामा मिति २०८०।१०।१८ गते बेलुका ९ बजे आगलागी भइ क्षती हुन गंएको हुँदा निजलाइ रू ५०,०००।(अक्षेरूपी पचास हजार मात्र) रकम विपद् राहत कोषबाट उपलब्ध गराउने ।

ङ) प्राङ्गारिक मल कारखाना सम्बन्धमा

Scanned with CamScanner

मिति २०८० माघ २४ गते बसेको नगर कार्यपालिकाको बैठकले प्राङ्गारीक मल कारखाना स्थापना गर्न निर्णय नं ६ मा निर्णय गरेको र कृषि विकास निर्देशनालयले सूचना परिमार्जन गरि पुनःसूचना प्रकाशन गरेको हुँदा उक्त पुनःप्रकाशन भएको सूचनामा पनि सोही निर्णय पठाउने निर्णय गरियो ।

Scanned with CamScanner